दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ८४ | बुटवल | २०८१ चैत ०८, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Mar. 21, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**नैतिक आचारणको पालना गरौं।**

-झुट, छलकपट जस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं।
-आफ्नो कर्तव्यप्रति इमान्दार बनौं।
-असहाय, वृद्ध अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं।
-कानून र विधिको पालना गरौं।
-भ्रष्टाचार, बेइमानी जस्ता अनैतिक क्रियाकलापविरुद्ध आवाज उठाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


## गणतन्त्रको पक्षमा एमाले अभियान घोषणा

बुटवल। नेकपा एमालेले संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा जनमत सिर्जना गर्न भन्दै देशव्यापी जनसचेतना अभियान सञ्चालन गर्ने भएको छ। मुलुकमा भइरहेका प्रतिगामी हर्कतविरुद्ध जनतालाई सचेत पार्न भन्दै एमालेले जनसचेतना अभियान घोषणा गरेको हो। अभियान अन्तर्गत, एमालेले यही चैत ११ गते एकैदिन एकै समय देशैभर सबै वडामा सचेतना कार्यक्रम गर्ने बताएको छ।

तीनमहिने वडाकेन्द्रित अभियान चलाइरहेको एमालेले चैत ११ गतेदेखि ३० गतेसम्म सबै प्रदेश र जिल्लामा प्रतिगामी हर्कतविरुद्ध जनपरिचालन, जनसचेतना कार्यक्रम आयोजना गर्ने भएको हो।

सोही क्रममा चैत १८ गते धनगढी, सुर्खेत, बुटवल, पोखरा, वीरगञ्ज र दमकमा मोटर साइकल र्‍याली आयोजना गरिने बताइएको छ। सोही दिन सबै जिल्लामा जिल्लास्तरीय जागरणसभा आयोजना गर्ने एमालेले बताएको छ।

तयस्तै, चैत २४ देखि ३० गतेसम्म बागमती बाहेकका सबै प्रदेशमा विशेष प्रदर्शन र जनसभा गर्ने बताइएको छ। धनगढी, सुर्खेत, बुटवल, पोखरा, वीरगञ्ज र दमकमा प्रदर्शन र जनसभा हुने एमालेले बताएको छ। प्रदेश तहमा हुने विशेष सभामा पार्टी केन्द्रबाट वक्ता पठाइने र जिल्ला तहको सभाका लागि आवश्यक परेका ठाउँमा त्यस्तो व्यवस्था गरिने एमालेले जानकारी गराएको छ।

एमाले महासचिव शंकर पोखरेलले सबै प्रदेश र जिल्ला कमिटीका अध्यक्षहरूलाई उक्त कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान निर्देशन पनि दिएका छन्। महासचिव पोखरेलले जनचेतना अभियान सञ्चालन गर्दा तथ्यका आधारमा गर्न पनि निर्देशन दिए।

## कांग्रेस एमालेसँग मिल्दा घाटा : प्रचण्ड

बुटवल। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गएका निर्वाचनहरूमा नेपाली कांग्रेस र नेकपा एमालेसँग सहकार्य गर्दा आफ्नो पार्टीलाई घाटा भएको कुरा अहिले प्रमाणित भएको बताएका छन्।

पार्टीको जिल्ला समन्वय समिति, बाराले आयोजना गरेको तराई-मधेश जागरण सभालाई सम्बोधन गर्दै उनले गत उपनिर्वाचन र अहिले जारी स्ववियु निर्वाचनको परिणामले उक्त अवस्था देखाएको जिकिर गरे।पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष प्रचण्डले एमाले र कांग्रेसले अब माओवादी केन्द्र आफ्नौ खुट्टामा उभिन सक्दैन भनेर स्थापना गर्न थालेको भाष्य गलत सावित भएको पनि बताए।

'भर्खरै स्ववियुको निर्वाचन सम्पन्न भएको छ। केही कलेजमा बाँकी छ। त्यो निर्वाचनमा युवा विद्यार्थीहरूको रुझान, चेतना कतातिर जाँदैछ भन्ने कुराको बडो राम्रो संकेत दिइएको छ।'- प्रचण्डले भनेका छन्। उनले केही क्याम्पसहरूमा नयाँ इतिहास रचना भएको भन्दै यसअघिका सहकार्यबाट माओवादीलाई घाटा भएको बताए।

'यो पटक साँच्चै केही नयाँ इतिहासको रचना भएको छ। हिजो माओवादी केन्द्र अब अरुको बैशाखी नटेकी उठ्नै सक्दैन भन्ने भाष्य एमाले र कांग्रेसहरूले बनाएका थिए,' अध्यक्ष प्रचण्डले भने-'गएको उपचुनावमा हामी आफ्नै खुट्टामा उभिएर परिणाम आफ्नो पक्षमा पार्न सक्छौं भन्ने बनाएका थियौं।'प्रचण्डले अघि थपे-'वास्तवमा हामी कहिले कांग्रेस र एमालेसँग सहकार्य गर्दा हामीलाई घाटा भएको नै प्रमाणित भयो।'

# 'गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा चलाउने गरी काम भइरहेको छ'



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री केपी शर्मा ओलीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्नेगरी काम भइरहेको बताएका छन्।

बिहीबारको प्रतिनिधिसभाको बैठकमा रुपन्देही ५ का सांसद बासुदेव घिमिरेले सोधेको प्रश्नको जवाफ क्रममा उनले यस्तो बताएका हुन्।

सांसद घिमिरेले विमानस्थल लामो प्रयासपछि आंशिक सञ्चालनमा आएको तर दिगो सञ्चालनको विषयमा अझैं विभिन्न शंका उपशंका देखा परेकोले पूर्ण र दिगो सञ्चालनको लागि सरकारले के गरिरहेको छ भन्ने प्रश्न गरेका थिए। उनले बुद्ध जन्मस्थल लुम्बिनीमा संसारभरका बौद्धमागी र विदेशी पर्यटक आकर्षित गर्न सुविधासम्पन्न बर्थिङ हस्पिटल बनाउनुपर्ने माग समेत गरेका थिए।

'गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दिगो सञ्चालनका लागि सरकारले संवद्ध निकायहरूसँग छलफल गरी कार्ययोजना बनाई कार्यान्वयन गरिरहेको छ।'- प्रधानमन्त्री ओलीले जवाफका क्रममा भने।

विमानस्थलमा यात्रु सेवा शुल्कमा छुट, ग्राउण्ड ह्याण्डलिङ, ल्याण्डिङ, पार्किङ एण्ड नेभिगेसन शुल्कमा छुट तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको उनको दाबी छ।

'यात्रु सेवा शुल्कमा छुट, ग्राउण्ड ह्याण्डलिङ, ल्यान्डिङ, पार्किङ एन्ड नेभिगेसन शुल्कमा छुट जस्ता सहुलियत एवम् प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ,' प्रधानमन्त्री ओलीले भने-'हाल अलजजीरा, फ्लाई दुवई, एअर एसिया र नेपाल एअरलाइन्सले उक्त विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गरिरहेका छन्।'

श्रम तथा रोजगार कार्यालय बुटवलबाट श्रम स्वीकृति प्रदान गर्न समेत सुरु भएको प्रधानमन्त्री ओलीले उल्लेख गरे।

'श्रम तथा रोजगार कार्यालय बुटवलबाट श्रम स्वीकृति प्रदान गर्न सुरु भएको छ। साथै, अध्यागमन, मुद्रा सटहीलगायतका बैंकिङ सुविधा विमानस्थलमै प्रदान गर्ने व्यवस्था मिलाइएको र भविष्यमा उक्त विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्नेगरी काम भइरहेको छ।'- प्रधानमन्त्री ओलीले भने।

अर्को प्रसंगमा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग सम्पर्क गर्ने प्रयासमा आफू रहेको जानकारी गराएका छन्।

शान्ति प्रक्रियाका बाँकी कामहरूलाई टुंगोमा पुऱ्याउन आफूले सम्पर्क गर्न खोजेको भए पनि स्वास्थ्यमा समस्या आएर प्रचण्ड सम्पर्कमा आउन नसकेको बताए।

'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारी नियुक्ति प्रक्रिया यथाशक्य छिटो टुंग्याउन सरकार प्रतिबद्ध छ,' प्रधानमन्त्री ओलीले भने-'यसमा अहिले पनि म प्रयासरत छु। यसमा म विपक्षी दलका नेताज्यूसँग सम्पर्क गर्न खोजिरहेको छु। मैले पटक-पटक प्रयास गर्दा उहाँ स्वास्थ्यमा केही सम्पर्क गर्न नसक्नुभएको जवाफ पाएको छु।'

प्रधानमन्त्री ओलीले प्रचण्डसँग सम्पर्क हुनासाथ शान्ति प्रक्रियाका बाँकी काम अघि बढ्ने जिकिर गरे।

यसैगरी प्रधानमन्त्री केपी शर्मा ओलीले इस्वी सम्मत १९६२ अघिसम्म नेपालले हालै प्रचलनमा ल्याएको चुच्चे नक्सा नै भएको बताएका छन्। बिहीबार संसदमा सांसद बुद्धिमान तामाङले सोधेको प्रश्नमा प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन्।

साथै उनले इपीजी प्रतिवेदन भारतले पहिला बुझेपछि नेपालका प्रधानमन्त्रीले बुझ्ने भन्ने भएको समेत जानकारी गराए। उनले भने- 'नेपालले प्रतिवेदन नबुझ्ने भनेको छैन। यो प्रतिवेदन बुझ्नेबारे नेपालका तर्फबाट उच्च स्तरमा छलफल र भइरहेको जानकारी गराउँछु। यसको समझदारीपूर्वक नै समाधान हुन्छ।' साथै प्रधानमन्त्रीले तत्काल लिपुलेक, कालापानी र लिम्पियाधुरा जाने आफ्नो तयारी नभएको समेत बताए।

सांसद विनिता कठायतले चुच्चे नक्साअनुसारको आफ्नो भूभाग पाए पनि स्थानीय नागरिकले अनुभूत गर्न नसकेको तथा त्यहाँका नागरिकले आफ्नो बाटो प्रयोग गर्न नसकेको गुनासो गरेको भन्दै प्रधानमन्त्रीसँग कहिले आफ्नो बाटो प्रयोग गर्न सकिन्छ भनेर प्रश्न गरिन्।

जवाफमा प्रधानमन्त्रीले अझैं पनि दार्चुला सदरमुकाम खलङ्गाबाट उत्तरतिर छाङ्ग्रु जान बाटो पहिलादेखि नै नभएको भन्दै अहिले तत्कालका लागि आफ्नो बाटो बनाउन पाँच करोड बजेट निकासा गरेर बाटो निर्माणको काम भइरहेको जानकारी गराए।

# ओआइडीपी अवार्डमा भोट दिन तिलोत्तमाको अपील

**विश्वका ३७ देशका स्थानीय र प्रदेश सरकार गरी १३७ मध्ये छनोट भएका उत्कृष्ट ४० आवेदकबिच मार्च २८ सम्म अनलाइन भोटिङ गराई मे महिनाको २१ देखि २३ सम्म अवार्ड विजेता घोषणा गरिने छ। तिलोत्तमा नेपालबाट मात्र नभई सार्क राष्ट्रहरुबाट छनोट भएको एक मात्र पालिका हो।**



तिलोत्तमा। नेपालबाट रुपन्देहीको तिलोत्तमा नगरपालिका छनोट भएको नागरिक सहभागितामा असल अभ्यासको अन्तर्राष्ट्रिय अवार्डको अनलाइन भोटिङ खुला भएको छ।

स्पेनको इन्टरनेसनल अब्जरभेटरी अन पार्टीसिपेसन डेमोक्रेसी संस्थाले १९औं संस्करणको ओआइडीपी अवार्डका लागि मागेको आवेदनमा विश्वका ३७ देशका स्थानीय र प्रदेश सरकार गरी १३७ मध्ये उत्कृष्ट ४० बीच अनलाइन भोटिङ खुला गरेको हो।

उक्त अवार्डमा रुपन्देहीको तिलोत्तमा नगरपालिका फाइनल प्रतिस्पर्धाका लागि यसअघि नै छनोट भएको छ।

अब ४० आवेदकबिच मार्च २८ सम्म हुने अनलाइनमार्फत्हुने खुला भोटिङको ५० अंक र जुरी (निर्णायक) को ५० अंकका आधारमा अवार्ड विजेता घोषणा गरिने ओआईडीपीले आफ्नो वेबसाइटमा उल्लेख गरेको छ।

मे महिनाको २१ देखि २३ सम्म अर्जेन्टिनाको कोर्डोबामा हुने २४ औं ओआइडिपी कन्फेरेन्स (सम्मेलन) मा अवार्ड वितरण गरिने छ।

नगरवासीको वृहत सहभागितामा हरेक महिनाको १ गते र १५ गते नगर सरसफाई तथा हरियाली प्रवर्द्धन अभियानलाई २०७४ सालदेखि ८ वर्षसम्म निरन्तर सञ्चालन गरेकाले तिलोत्तमा नगरपालिकाका यो अवार्डको फाइनलमा पुग्न सफल भएको नगरप्रमुख रामकृष्ण खाँणले बताए। नेपालको मात्र नभई सार्क राष्ट्रहरुमध्येबाट तिलोत्तमा मात्रै अवार्डको अन्तिम प्रतिस्पर्धामा पुग्न सफल भएकाले अब विजेता बनाई नेपालको नाम संसारभर थप चिनाउन विश्वभर रहेका नेपालीलाई अनलाइन भोटिङ गरिदिन नगरप्रमुख खाँण र उप-प्रमुख जगेश्वरदेवी चौधरीले अपील गरेका छन्।

'विश्वभर पारिस्थितिक प्रणाली र वातारणको विषय ज्वलन्त समस्या बनेको छ, हामीले वृहत् जनसहभागितामा हरियाली प्रवर्द्धन र नगर ससरफाईमा नमूना काम गरेका छौं, यसलाई नेपालभर र विश्वभर चिनाउन, देखाउन यो अवार्डले ठूलो भूमिका खेल्नेछ।'-खाँणले भने।

उप-प्रमुख चौधरीले तिलोत्तमाले ८ वर्षसम्म निरन्तर जारी राखेको जनसहभागितामा आधारित नगर सरसफाइ र हरियाली प्रवर्द्धन अभियानकै कारण खुला पोलिथिनमुक्त वातावरणमैत्री नगर भएकोले यो उपलब्धिलाई थप उचाईमा पुराउन ओआइडीपी अवार्डमा नेपाल र विश्वभरका नेपालीबाट अनलाइन भोटको सहयोग आवश्यक रहेको बताइन्।

नगरपालिकाका सूचना अधिकारी माधव पोखरेलले ओआइडीपीले विभिन्न पाँच विधामा अनलाइन भोटिङ गर्नुपर्ने नियम बनाएकाले एउटा मात्र विधामा भोट दिँदा रद्द हुने बताए। ५ विधामध्ये तिलोत्तमा पारिस्थितिक संक्रमण र वातावरण (इकोलोजिकलक ट्रान्जिसन एण्ड इन्भाइरन्मेन्ट) विधामा छनोट भएको हो।

ओआइडीपीको वेबसाइटमै गएर इमेल खाता सिर्जना गरी मत दिन सकिने उनले बताए। वेबसाइटको ब्राउजरमा ओआइडीपी डट नेट सर्च गरेपछि यो अवार्डको पेज खुल्ने र त्यहाँ जिमेल खाता खोलेर भोट गर्न सकिने यो अवार्डको प्रकृयामा सुरुदेखि काम गरेका नगरपालिकाका रोजगार अधिकृत शंकर पन्थीले बताए।

तिलोत्तमा नगरपालिकाले २०७४ सालदेखि हरेक १५ दिनमा जनसहभागितामा सरसफाइ तथा हरियाली प्रवर्द्धन अभियान आठौं वर्षमा निरन्तर चलाउँदै आएको छ। उक्त अभियानको १४०औं श्रृंखला सम्पन्न भएको छ।




## सम्पादकीय

# अमानवीय क्रियाकलाप

सिरहाको औरही गाउँपालिका–५ स्थित औरहीमा महायज्ञ गर्ने नाममा दिपक मलिक डोमको घर भत्काउने निन्दनीय काम भएको छ। दलितको घर भत्काउने काममा गाउँपालिका अध्यक्ष शिवजी यादवसहित संलग्न हुनुले जनप्रतिनिधिको गलत रवैया त प्रष्ट भएको छ नै, मुलुकमा जातीय विभेद र थिचोमिचो कुन हदसम्म अझैँ कायम छ भन्ने पनि छर्लङ्ग भएको छ।

अहिले मुलुकमा लोकतान्त्रिक शासन प्रणाली छ। लोकतान्त्रिक प्रणालीमा नागरिक नै सर्वेसर्वा हुन्। तहगत सरकारमा चुनावमार्फत् जनप्रतिनिधि चुनिन्छन्। नागरिकको मतबाट चुनिएका जनप्रतिनिधि नै यो हदसम्मको अमानवीय क्रियाकलापमा संलग्न हुनु भनेको लोकतान्त्रिक व्यवस्थाको उपहास हो। संविधानले सबै खालको विभेदलाई निषेध गरेको छ। जातीय, लैङ्गिक जस्ता विभेद उन्मूलन गर्न विभिन्न कानुन बनेका छन्। ती कानुनको प्रबन्ध हुनुको अर्थ हो, समाजमा कसैलाई अपमान र विभेद गर्नुहुन्न्। हरेक नागरिक सम्मानपूर्वक बाँच्न पाउनुपर्छ भन्ने मान्यतालाई संविधानले प्रबन्ध गरेको छ। यो संवैधानिक प्रबन्धलाई कार्यान्वयन गर्न बनेका कानुनको कार्यान्वयन गर्ने जनप्रतिनिधि नै अमर्यादित र विवेकहिन क्रियाकलापमा संलग्न भएको घटना जति निन्दा गरे पनि कमि हुन्छ।

महायज्ञका लागि दलित परिवारको घर भत्काउने पालिका अध्यक्ष यादवसहितलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ। यो घटनालाई राष्ट्रिय मानवअधिकार आयोगले संवेदनशील रुपमा लिएको छ।

नेपाल जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा भएको १८ वर्ष भयो। २०६३ साल जेठ २१ गते तत्कालीन व्यवस्थापिका संसदले नेपाललाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो। त्यसपछि छुवाछुतजन्य सामाजिक हिंसा गरे त्यो दण्डनीय हुनेगरी २०६८ सालमा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन जारी भएको थियो। त्यसअगाडि पनि समतामूलक समाज निर्माणका लागि नेपालमा भएका राजनीतिक र सामाजिक संघर्षका घटनाहरूको लामो शृङ्खला छन् ।२०७२ सालमा जारी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक र लैंगिक असमानता र विभेदको अन्त्यको संकल्प गरेको छ। आर्थिक समानता, समृद्धि र समानतासहितको न्याय सुनिश्चित गरेको छ। राज्यका सबै अंग र निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व भएको समतामूलक समाज निर्माणको दृढता छ। तर, व्यवहारमा धर्म र जातका आधारमा हुने विभेद कायमै छ।

महायज्ञ गर्ने नाममा घरबारविहीन भएको दलित परिवारलाई क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ। राज्यमा भूमिहीन, सीमान्तकृत र पछाडि पारिएका समुदाय पनि समान हुन्छन्। लोकतान्त्रिक व्यवस्था तिनै समुदायको हित र उन्नतिका लागि हो। लोकतान्त्रिक शासन प्रणालीमा समानता र न्याय हुन्छ भन्ने मान्यतालाई स्थापित गर्न पालिका अध्यक्षसहित दोषी व्यक्तिमाथि कानुन अनुसार कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिई समाजमा पुनःस्थापना गराउन सरकारले प्राथमिकता दिनुपर्छ।

# देशको अस्तित्वमाथि गम्भीर संकट



**विन बहादुर कुँवर**

*लोकतन्त्रको के विश्वास ? जसले दियो उसले जे चाहयो त्यही हुन पनि सक्छ। भारतकै इशारा र आयोजनामा निर्मित १२ बुँदे दिल्ली समझदारी पत्र माथि पनि पुर्नभाषित हुन सक्छ। अर्थात् भारतकै रोहवरमा पुनः कांग्रेस-एमाले अनि माओवादी-राजाबिच नयाँ खाले संवाद र सहमति हुने सम्भावनालाई पनि नकार्न सकिदैन। यो जे भए पनि अन्ततः देशको राष्ट्रियता र जनतन्त्र झन पछि झन कमजोर बन्दै देशको अस्तित्वमाथि नै गम्भीर संकट उत्पन्न हुने देखिन्छ।*

जो चोर उसैको ठूलो स्वर भने जस्तै अहिले पुराना पञ्चे, मण्डले र दरबारियाहरुको स्वर पनि ठूलठूलो हुँदै जाने थालेको छ। सदन-सडक चारैतिर उनीहरुको स्वर बढेर जान थालेको छ। एकदमै ढुक्क साथ उनीहरुले राजतन्त्र फर्किन्छ, हिन्दु राष्ट्र नेपाल हुन्छ भनिरहेका छन्। यतिसम्मकि आगामी वर्ष अर्थात् २०८२ सालको सुरुवातमा नै पूर्व राजा ज्ञानेन्द्र नारायणहिटी दरबारमा पुनः भित्रिने निश्चित नै गरिसकेका छन्। उनीहरुको यो निश्चितता अनि यो ठूलो स्वरमा पछाडिको कारण के छ ? पहिलो कारण स्वयं ज्ञानेन्द्रको सक्रियता र भनाइ छ भने दोस्रो पोखराबाट ज्ञानेन्द्र शाह काठमाडौं फर्किदा एयरपोर्टमा उनको स्वागतका लागि जम्मा भएको भीड र त्यसले ज्ञानेन्द्रलाई उनको बासस्थान निर्मल निवाससम्म नारा, जुलुससहित पुऱ्याइकाले हो। हुन पनि हिजोसम्म अर्थात् २०६२/०६३ सालमा ज्ञानेन्द्र चोर देश छोड भनी उनको विरुद्ध यस्तै नारा, जुलुस हुने गर्दथ्यो तर अहिले उल्टो ओली, देउवा र प्रचण्ड चोर देश छोड भन्ने नारा घन्किए। यो खाली बाहिरी देखावटी मात्र हुन् भित्री कारण त छुट्टै छ। जसले यी पुराना पञ्चे-मण्डले र दरबारियालाई बढवा गराइरहेको छ।

धेरै भन्नै पर्दैन स्वयं फागुन २५ गते ज्ञानेन्द्रको स्वागत जुलुसमा प्रदर्शित दुई ठूला एउटा पूर्व राजा ज्ञानेन्द्रको भने अर्को भारत उत्तर प्रदेशका मुख्य मन्त्री योगी आदित्यनाथको फोटो प्रदर्शन प्रष्ट पारेको छ। अझैँ यसलाई पुष्टि गराउने काम नयाँ राजावादी सांसद ज्ञानेन्द्रबहादुर शाहीले गराएका छन्। चोरको खुट्टा काट्छु भन्दा आफैँ तर्सिएर खुट्टा पहिले नै ताने जस्तै ज्ञानेन्द्रबहादुर शाहीले हत्त न पत्त योगी आदित्यनाथको फोटो प्र.म. केपी ओलीको निर्देशनमा उनका राजनीतिक सल्लाहकारले हाम्रो बदनाम अर्थात् भारतीय दलाल भन्नका लागि गरिएको षड्यन्त्र बताएका छन्। तर फाटेको जालले छेकेको छेके पनि छर्लङ्गै देखेको अर्थात् ज्ञानेन्द्र शाहीले जो भनी त्यसको खण्डन गरे पनि यथार्थ छर्लङ्गै छ। भारतीय शासकहरुको चाहना राजा फर्काउने र हिन्दू राष्ट्र नेपाल बनाउनेमै छ।

यो कुनै लुकेको र छिपेको केही पनि छैन। पटक-पटक पूर्व राजा ज्ञानेन्द्र योगी आदित्यनाथसँग बिन्तीभाउ गरिनै रहेका थिए। उक्त त्यो फोटो स्वयं पूर्व पंचे मण्डले र राजावादी हिजोका राप्रपाका केन्द्रीय सदस्यले प्रदर्शन गर्न लगाएको स्वीकार गरिसकेका छन्। यतिसम्मकी गिरफ्तारीको डरले उनी अहिले योगी आदित्यनाथकै शरणमा भारत पुगेको बताइसकेका छन्। तर सांसद ज्ञानेन्द्रबहादुर शाहीले भने आरोप प्रम ओली र उनका सल्लाहकारलाई लगाउन पुगे। आखिर ज्ञानेन्द्रबहादुरले झुटो बोली त्यसलाई छेक्न जति खोजे पनि अहिले सबै छर्लङ्गै भइसकेको छ। भारतीय शासकहरुको बुई चढेर पूर्व राजा ज्ञानेन्द्रलाई पुनः दरबार भित्राउनेमा यी सबै पुराना नयाँ पञ्चे मण्डले दरबारिया र भारतीय दलाल सबै ढुक्क छन्। आम नेपाली जनतालाई समेत त्यही सन्देश बाँड्दै अब छिट्टै देशमा गणतन्त्र विस्थापित गराई पुनः राजतन्त्र फर्काउने र देशलाई हिन्दू राष्ट्र बनाउने सपना बाँड्दैछ।

नेपालको सन्दर्भमा यस्तो भारतीय हस्तक्षेप र षड्यन्त्र कुनै नौलो विषय होइन। २००७ सालदेखि नै हुँदै आएको छ। भगौडा राजा त्रिभुवनलाई २००७ साल फागुन ०७ गते त्रिपक्षीय दिल्ली सम्झौता (राजा, राणा र कांग्रेसबीच)मार्फत् भारतले नै नेपालमा पुनः राजा बनायो। तिनै राजा त्रिभुवन नेपाल फर्किन मानेकै थिएनन्। महेन्द्रले २०१७ सालमा संसद र संसदीय राज्य व्यवस्थामाथि हस्तक्षेप गरी निरंकुश पंचायती व्यवस्थालाई पनि भारतद्वारा समर्थन गर्ने गरी नेपालको पश्चिमी भूभाग लिपुलेक, कालापानी र लिपिम्याधुरामाथिको भारतीय अतिक्रमणप्रति केही नबोली भारतकै साथ सहयोगमा राजा महेन्द्रले शासन सत्ता चलाइरहे। २०४५/०४६ सालको जनआन्दोलनमा समेत भारतीय हस्तक्षेपकै कारण राजतन्त्रको अन्त्य नभई कथित संवैधानिक राजतन्त्रकै पुनर्स्थापित भयो। २०६२/०६३ सालको आन्दोलनको थालनीको सुत्रपात नै माओवादी सहितको नेपालका सात दलीय राजनीतिक दलबिचको १२ बुँदे दिल्ली समझदारीबाट भयो। यसरी हरेक कालखण्डमा नेपालको राजनीतिमा कुनै न कुनै रुपले भारतको प्रत्यक्ष प्रभाव र असर पर्दै आएको छ।

ठीक यही असर र प्रभाव अहिले पनि भारतीय विस्तारवादको पर्न थालेको छ। हिजो भारत नेपालका राजनीतिक दलमार्फत् नेपालमा यस्तो असर र प्रभाव पार्दै आएको थियो भने अहिले पूर्व राजा, पुराना पञ्चे मण्डलेको र दरबारिया मार्फत् सक्रिय हुन थालेको छ। २०६२।०६३ सालको जनआन्दोलनपछि भारतले संघीयताको नाममा एक मधेस एक प्रदेशअन्तर्गत नेपालका केही मधेसवादी दलहरुलाई उचाल्ने काम गऱ्यो। यो असफल भए पछि भारत अहिले पूर्व राजा अनि पूर्व पञ्चे, मण्डले र दरबारियाहरुलाई कथित हिन्दू राष्ट्र नेपालको नारा अघि बढाउन लगाई त्यसैमा खेल्न थालेको छ। राजा र पुराना पञ्चे मण्डले र दरबारियाहरुको यो चलखेल अर्थात् राजाको पुनर्स्थापना र हिन्दू राष्ट्रको अभियानलाई बढाई चढाई गरेर पहिले कांग्रेस-एमाले र माओवादीहरुलाई तह लगाउने अर्थात् त्वंमशरणम् कान समातेर बस उठ पार्ने, कुनै कारण त्यो नभए पूर्व राजा र राजावादीहरुलाई उचालेर नेपाललाई तहसनहस नै पार्ने आखिर जसरी हुन्छ नेपाललाई सदा आफ्नै छाहारीमा राखिरहने। यतिसम्मकी नेपालको पश्चिम भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरामा मात्र होइन, भारतीय सैनिक भुटानमा जस्तै नेपालको समग्र भूभागमा तैनाथ गराई राख्ने योजनामा भारत पुगेको छ। त्यसलाई साथ जसले दिन्छ त्यसैलाई यहाँको शासक बताउँछ भारत।

बुढी मरी भनेर होइन, काल पल्क्यो भनेर रुन्छु भन्ने उखान जस्तै अहिले पूर्व राजा ज्ञानेन्द्र र उसका दलाल आसेपासे पञ्चे-मण्डले र दरबारियाहरुको यो गणतन्त्र मास्ने र राजतन्त्र फर्काउने अनि हिन्दू राष्ट्र नेपाल बनाउने, जुन चुरीफुरी छ यस्तो दिवासपना देख्न सबैलाई छुट नै छ। यी सबैका खुट्टी देख्दै पत्याइयो गणतन्त्र मास्ने र राजतन्त्र फर्काउने षड्यन्त्र।

तर कुरा के भने यिनीहरुलाई उचाल्ने, देशमा अराजकता र हिंसा मच्याउने र नेपाललाई असफल राष्ट्र बनाउने भारतीय योजना षड्यन्त्रप्रति भने गम्भीर हुनै पर्ने भएको छ। भनिन्छ कहिलेकाहीं नपत्ताइएको खोलाको बाढीले पनि बगाउन सक्छ। श्रीलंका र बंगलादेशको राजनीतिक घटना यसको उदाहरण हुन सक्छ। त्यसैले अहिलेका गणतन्त्रवादी दल र दल नेता-कार्यकर्ता सबै बेलैमा सचेत र सावधान होऊन। ओरालो लागेको मृगलाई बाच्छाले पनि खेदछ भने जस्तै अहिले कांग्रेस-एमाले र माओवादी सबैलाई यी पुराना प्रतिगामी पञ्चे-मण्डले र राजावादीहरुले खेदन थालेका छन्। सदन-सडक चारैतिरबाट यिनीहरुलाई बदनाम गराउँदै छन्। तै पनि कांग्रेस-एमाले र माओवादीबिचमा यसको बारेमा छलफल भेटघाट र वार्ता केही पनि हुन सकिरहेको छैन। सबैका आ-आफ्नै डम्फु। ओली-देउवा सत्तामा नै रमाइरहेका छन् भने माओवादी प्रचण्ड कथित अभियानको नाममा खाली ओली र देउवालाई सराप्दै हिडिरहेका छन्।

यी तिनै नेता अर्थात् देउवा-ओली र प्रचण्डलाई अझैँ पनि के विश्वास छ भने भारतले हामी बेगर अर्थात् हाम्राविरुद्ध त्यस्तो केही गर्ने वाला छैन। किनकि बेला मौकामा भारतलाई ठूलै गुन यिनीहरुले लगाएकै छन्। अब पनि जे गर्न पऱ्यो त्यही गर्नमा यी सब छन्। अनि फेरि भारतलाई किन राजा चाहियो। खाली यो भारतको दरबारिया कार्ड मात्र हो। त्यही भएर अहिले बडो हौसिदै र कुर्लदै हिंडेका पूर्व राजा ज्ञानेन्द्र अनि पुराना पञ्चे मण्डले र दरबारियाहरुका लागि यो सब हात्ती आयो फुस्सा भने जस्तै पनि हुन सक्छ। परराष्ट्र मन्त्री आरजु राणा देउवा दिल्लीमा छन्। भारतीय प्रम मोदीलाई जसरी हुन्छ भेटी फकाउन नै लागि धर्ना कसी बसिरहेकी छन्।

जे होस् अहिलेको यो स्थितिमा एकातिर देशको राष्ट्रियता र स्वाभिमान एकदमै कमजोर छ भने अर्कोतिर यो चालु परजीवी कथित यो गणतन्त्र र लोकतन्त्रको के विश्वास ? जसले दियो उसले जे चाहयो त्यही हुन पनि सक्छ। भारतकै इशारा र आयोजनामा निर्मित १२ बुँदे दिल्ली समझदारी पत्र माथि पनि पुर्नभाषित हुन सक्छ। अर्थात् भारतकै रोहवरमा पुनः कांग्रेस-एमाले अनि माओवादी-राजाबिच नयाँ खाले संवाद र सहमति हुने सम्भावनालाई पनि नकार्न सकिंदैन। यो जे भए पनि अन्ततः देशको राष्ट्रियता र जनतन्त्र झन पछि झन कमजोर बन्दै देशको अस्तित्वमाथि नै गम्भीर संकट उत्पन्न हुने देखिन्छ।

# सदस्यको दुःख सुःखको सारथी बन्दै विजय फूलबारी सहकारी

**राधिका भुसाल**

*प्यूठान*

समान हैसियत र समान उद्देश्य बोकेका एउटै भुगोलमा बसेका मानिसहरू एक आपसमा मिलेर आफ्ना आवश्यक्ताहरुलाई सामूहिक सहकार्यका माध्यमबाट पूरा गर्न खोलिएका संस्था सहकारी संस्थाहरु हुन्। यही उद्देश्यका साथ खुल्दै र फैलँदै गएका सहकारीले नेपालको आर्थिक र सामाजिक विकासमा निकै सघाएका छन्। यदाकदा सहकारी सिद्धान्त विपरीत चलेर केही सहकारी संस्थाहरुले यसको महत्व र गरीमामा आघात पुऱ्याउन खोजे पनि वास्तविक समुदायको आवश्यक्ताबाट सञ्चालन भई सदस्यकै नियन्त्रणमा सदस्य केन्द्रित समुदायमा चलेका सहकारी संस्थाहरुले सदस्यहरुको जीवन परिवर्तन गर्नुको साथै देशको आर्थिक विकासमा समेत ठूलो सहयोग पुऱ्याएका छन्। सदस्यलाई जन्मदेखि मृत्युसम्मको सुविधा उपलब्ध गराउनुको साथै सामाजिक कार्यमा पनि ठाउँ-ठाउँका सहकारीले रचनात्मक कार्य अघि बढाइ नमूना प्रदर्शन गरेका छन्, जसमध्ये एक हो, प्यूठानको विजय फूलबारी बचत तथा ऋण सहकारी संस्था लि.।

प्यूठान जिल्लाको सहकारी क्षेत्रमा आफ्नो बेग्लै पहिचान बनाउन सफल सहकारी संस्था जिल्लाको पहिलो बचत ऋण संस्था एवं सहकारी अभियानकै नेतृत्वदायी भूमिका निर्वाह गरेको बचत तथा ऋण सहकारी संस्था हो।

वि.स. २०५५ सालमा तत्कालिन खैरा गा.वि.स.का १३ जना युवाहरुले मासिक रु १०० का दरले बचत जम्मा गर्न सुरुवात गरी स्थापना भएको फूलबारी बचत तथा ऋण सहकारी संस्था लि र वि.स.२०६३ सालमा महिला दिदीबहिनीहरुले बचत जम्मा गर्न सुरु गरी स्थापना भएको विजयलक्ष्मी महिला बहुउद्देश्यीय सहकारी संस्था एकआपसमा २०७९ सालमा एकीकरण भएर विजय फूलबारी भएको हो।

संस्थाका काम कार्बाही तथा सेवाहरु दिन प्रतिदिन नमूना योग्य बन्दै गएका छन्। ५ हजार ७ सय बढी सदस्य आबद्ध रहेको विजय फूलबारीले प्रत्येक वर्ष सदस्यहरुका लागि नयाँ एवं सदस्यमैत्री कार्यक्रमहरु अघी बढाउँदै आएको छ। संस्थाको कार्यालय वातावरण, कर्मचारी व्यवस्थापन, भौतिक संरचना, कार्यालय वातावरण तथा सेवाको तौर तरिका हेर्दा कुनै एउटा बैंकभन्दा कम देखिंदैन। संस्थालाई कुनै व्यक्तिको निर्णयभन्दा पनि नीतिगत ढंगले सदस्यमैत्री सेवा अघि बढाएको संस्थाका पदाधिकारीहरु बताउँछन्।




संस्थालाई नीति विधि र प्रविधिगत ढंगले अघी बढाउँदै सम्पूर्ण सदस्यहरुको आवश्यकतालाई मध्यनजर गर्दै सदस्यको मनोभावना अनुसार योजनाहरु अघि सारेको विजय फूलबारी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नेत्रमणी आचार्यले बताए। 'संस्थाभित्र रहेका हामी सबै एक परिवार हौं,' अध्यक्ष आचार्यले भने-'सबै सदस्यलाई समान व्यवहार र समान अवसरहरु प्रदान गर्दै आएका छौं।' आर्थिक रुपमा अलि कमजोर सदस्यको जीवन रुपान्तरण गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्दै आएको उनले बताए। सीप विकास, उद्यमशीलता, व्यापार व्यवसाय, उत्पादनलगायतका क्षेत्रमा लगानी गरी सदस्यलाई आत्मनिर्भर बनाउने काम गर्दै आएको उनको भनाइ छ।

सहकारी एकीकरण भइसकेपछि आफ्ना सदस्यहरुलाई अझैं राम्रो सेवा प्रदान गर्न सफल भएको विजयफूलबारी बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष राधा पुलामीले बताइन। 'फूलबारीसँग एकीकरण भएपछि धेरै राम्रो योजनाहरु अघि सारेर सदस्य केन्द्रित भएका छौं,' उनले भनिन्-'सदस्य महिला सुत्केरी हुँदा सुत्केरी कोसेली लगेर घरमै भेट्न जान्छौं, बच्चाको खाता खोलिदिन्छौं, कृषि व्यवसाय गर्ने सदस्यहरुलाई टनेलहरु उपलब्ध गराउँदै पनि आएका छौं।' दुःखमा थोरै भए पनि आर्थिक सहायता होस् भने घाट खर्च कोष बनाएर सदस्यको मुत्य भएका वा सदस्यको एकघर परिवारमा कसैको मृत्यु भएमा केही रकम लगेर समवेदना प्रकट गर्न घरमै पुग्ने गरेको उनले बताइन्। आगामी दिनमा सदस्यहरुलाई हित हुने कार्यक्रम तथा योजनाहरु बनाएर काम गर्ने उनको भनाइ छ।

**विजय फूलबारीको मन छुने कार्यक्रम**

नेपालको अर्थतन्त्रको एउटा खम्बा मानिएको सहकारीले पछिल्लो समय सदस्य सेवामुखी बन्दै गएको छ। चालु आर्थिक वर्ष २०८१/०८२ का लागि संस्थाले २९ बुँदे नीति र ४३ बुँदं योजनाहरु अघि सारेको छ। संस्थाको इतिहास झल्किने वृत्तचित्र निर्माण गर्ने, सदस्यहरुका लागि सीप विकास तालिम गर्ने, प्रत्येक इलाकामा घरदैलो सहकारी शिक्षा तथा सदस्य विस्तार अभियान गर्ने, सहकारी रेडियो शिक्षा कार्यक्रम गर्ने, सार्वजनिक स्थल तथा मठ मन्दिर सरसफाइ गर्ने, लैंगिक हिंसाविरुद्ध कार्यक्रम गर्ने, वृक्षा रोपण गर्ने, विद्यार्थी प्रतियोगिता कार्यक्रम गर्ने, ट्राफिक सचेतना कार्यक्रम गर्ने तिज विशेष कार्यक्रमलगायतका सबै क्षेत्रलाई समेट्ने गरी कार्यक्रम ल्याएको छ। संस्थामा आबद्ध सबै सदस्यहरुको १ लाखसम्मको दुर्घटना बिमा योजना अघि सारेको छ भने २५ हजारको सदस्य मृत्यु कोष र ५ हजारको सदस्यका एकाघर परिवारका लागि घाट खर्च तथा राहत कोष दिँदै आएको छ। त्यस्तै अस्पतालसँग समन्वय गरी सदस्य स्वास्थ्य उपचारमा छुट र संस्थाको कार्यक्षेत्रको दुर्गम स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्नेलगायतका संस्थाका वार्षिक कार्यक्रम योजनाहरु हुन्।

संस्थाले 'सुखी सदस्य, उत्कृष्ट साकोस्' को परिकल्पना अनुरुप रणनीतिक व्यवसायिक योजना, वर्तमान वित्तीय अवस्था, एक्सेस कार्यक्रमको पार्ल्मे वर्कशप तथा स्थलगत सुपरीवेक्षणबाट प्राप्त सुझावहरुलाई अवलम्बन गर्दै आएको छ।

५ हजार ७ सय बढी सदस्य संख्या रहेको जिल्लाको अग्रणी एवं सहकारी अभियानको नेतृत्वदायी सहकारीका रुपमा विजय फूलबारीले आफ्नो छवि बनाउन सफल भएको छ। १ हजार ३ सयबाट सुरुवात भएको संस्थाको कुल पुँजी हाल २८ करोड ३६ लाख १२ हजार ८ साय ३ रुपैयाँ कुल सम्पती तथा दायित्व रहेको छ। जगेडा कोष १ करोड ९६ लाख ५० हजार ३ सय ५४ पुगेको छ। सदस्यको बचत निक्षेप २२ करोडय ६४ लाख ६४ हजार ३ सय ४१ र ऋण लगानी १८ करोड ५७ लाख ६ हजार १ सय ७१ पुगेको छ। संस्थाप्रति सदस्यहरुको सक्रियता तथा विश्वास बढ्दै गएको देखिन्छ।

» बाँकी ३ पेजमा

**सदस्यको ...**

वि.स.२०५८ सालमा सहकारीको सदस्य बनेका प्यूठान नगरपालिका वडा नं. ३ रातामाटाका शिवबहादुर पुलामीले बैंकहरु भन्दा विजय फूलबारी सहकारीको विश्वास लाग्ने बताए । 'जान्ने बुझ्ने हो भने सहकारी हाम्रो लागि निकै राम्रो ठाउँ हो,' पुलामीले भने-'थोरै-थोरै गरी जम्मा भएको रकमले कुनै व्यवसाय, कृषि, छोराछोरीको पढाइ लेखाइ गर्न सकिन्छ ।' तत्कालिन समयमा सहकारीमा ६ हजार जम्मा गरेर आफूले पाहुना होटल सञ्चालन गरेको उनले सुनाए । परिवारका ५ जना सदस्यले मासिक बचत गर्दै आएको बताउँदै उनले दैनिक बचत पनि गर्ने गरेको बताए । 'सहकारीको बारेमा बाहिर आएको हल्ला जस्तो हाम्रो सहकारी छैन,' उनले भने-'व्यवस्थापकीय पक्ष, सञ्चालक टिम, कर्मचारीहरु सबैले राम्रो काम गर्दै आउनु भएको छ ।' सर्वसाधारण जनताको लागि सहकारी नै कारोबार गर्ने उत्कृष्ट संस्था भएको उनले बताए ।

**जन्मदेखि मृत्युसम्म सहकारीको साथ**

संस्थाले आफ्ना सदस्यहरुको सन्तान जन्मिएमा सुत्केरी भेटघाट तथा नवशिशु बचत कार्यक्रम गर्दै आएको छ । सुत्केरीलाई घरमै पुगेर भेटघाट गरी एक क्यारेट अन्डा र नगद प्रदान गर्दै स्वास्थ्य लाभको कामना गर्ने गरेको छ । त्यस्तै सदस्यहरुको १ लाखसम्मको दुर्घटना बिमाको कार्यक्रम पनि सुरुवात गरेको छ । सदस्यको मृत्यु भएको अवस्थामा २५ हजार नगद प्रदान गर्ने गरेको छ भने एकाघर परिवारको सदस्यको मृत्यु भएमा ५ हजार र समबेदान पत्रका साथ श्रद्धाञ्जली व्यक्त गर्ने गरेको संस्थाका व्यवस्थापक प्रकाश वैद्यले बताए । चालु आर्थिक वर्षका देखि लागु हुने गरी अझैं उत्कृष्ट योजनाहरु अघि सारेको उनले जनाए । सहकारी संस्थाले प्रदान गर्ने सेवाहरु ,वित्तीय शिक्षालगायतको सहकारी शिक्षा कार्यक्रम, सदस्य विस्तारित मञ्च, सदस्य व्यवसाय प्रवर्द्धन कार्यक्रम ,सदस्य दुर्घटना बिमा, अस्पतालमा उपचार सहुलियत, सदस्य औषधि उपचार कार्यक्रमलगायतका सदस्य मुखी कार्यक्रमहरु चालु वर्षमा अघि सारिएको र संस्थाले प्रत्येक वर्ष २ वटा सामाजिक कार्यहरु समेत गर्दै आएको समेत व्यवस्थापक वैद्यले बताए । संस्थाले महिला सदस्यलाई लक्षित गरी दरखाने कार्यक्रम र तिज विशेष बचत कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ ।

सहकारीले अघि सारेका हरेक कार्यक्रमहरु सदस्य केन्द्रित भएको सहकरीका सदस्य नारायण केसीले बताए । 'मलाई कारोबार गर्न बैंकहरुमाभन्दा पनि हाम्रै सहकारीको विश्वास लाग्छ,' केसीले भने-'मेरा हरेक अप्ठ्यारा परिस्थितिमा विजय फूलबारीले सधैं साथ दिएको छ । प्यूठान नगरपालिका ४ जुम्रीस्थित नारायण एण्ड रमेश जनरल स्टोर्स सञ्चालन गरेका उनी २०६० सालमा सहकारीको सदस्य बनेपछि सहकारीबाटै कारोबार गर्ने गरेको बताए । '४ हजार दैनिक बचत गर्दै आएको छु,' उनले भने-'अब तुरुन्तै दैनिक बचतलाई १० हजार पुऱ्याउने मेरो लक्ष्य छ ।' सहकारीले असल ऋणीको रुपमा पुरस्कृत गर्दै आएको उनले सुनाए । कर्मचारी र सञ्चालक समितिको मेहनतले प्रदेशकै उत्कृट सहकारी बनेकोमा खुसी व्यक्त गरे ।

**बैंकले ऋण नदिँदा सहकारीको जन्म**

तत्कालिन समयमा फूलबारी एकीकृत ग्रामीण विकास संस्थामार्फत् सञ्चालित महिला लघुउद्यम परियोजना कार्यक्रमलाई नेपाल बैंकले ऋण लगानी नगरेपछि सहकारीको जन्म भएको फूलबारीका संस्थापक अध्यक्ष लोकबहादुर बस्नेतले बताए । 'हामीले समूह गठन गरेसकेका थियौं र, ति दिदिबहिनीहरुले पनि ऋण लिएर केही काम गर्ने योजना बनाइसकेका थिए, तर बैंकले लगानी गर्न मानेन,' अध्यक्ष बस्नेतले भने-'एउटा विश्वासका साथ काम सुरु गरेका थियौ । यता बैंकले ग्रामीण क्षेत्रमा ऋण लगानी नगर्ने भएपछि हामीले सहकारीलाई बैंकको विकल्पको रुपमा स्थापना गरेका हौं ।' जुन उद्देश्यका साथ सहकारीको स्थापना गरिएको थियो त्योभन्दा बृहत् रुपमा सहकारीको विस्तार भइसकेको उनले बताए । सुरुमा १३ जनाले १३ सय रुपैयाँ उठाएर सहकारी गठन प्रक्रियामा लाग्यौं करिब ३ महिना पछि २५ जना पुराएर दर्ता प्रक्रियामा लागेको समेत अध्यक्ष बस्नेतले सुनाए । सहकारी स्थापना गर्दाको लक्ष्य अनुरुप काम गरिरहेको संस्थाका अध्यक्ष आर्चाय बताउँछन् ।

**प्रदेशकै उत्कृष्ट सहकारीमा पुरस्कृत, अन्तर्राष्ट्रिय एक्सेस कार्यक्रममा सहभागी**

संस्थाले विभिन्न पुरस्कार तथा ब्राण्ड प्राप्त गरेको छ । नेपाल बचत तथा ऋण सहकारी संस्था (नेफ्स्कुनको) ३३ साधारणसभाको अवसरमा लुम्बिनी प्रदेशकै उत्कृष्ट सहकारी घोषित भई सम्मान तथा पुरस्कार प्राप्त गरेको थियो । त्यस्तै आ.व. २०६७/०६८ मा नेफ्स्कुनद्वारा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको उत्कृष्ट संस्थाको रुपमा पुरस्कार प्राप्त गरेको थियो । ५८औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारी डिभिजन कार्यालय दाङद्वारा राप्ती अञ्चलकै उत्कृष्ट संस्थाको रुपमा सम्मान पाउनुका साथै ९४औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा राष्ट्रिय सहकारी महासंघबाट उत्कृष्ट सहकारी व्यवसाय सम्मान प्राप्त गरेको संस्थाका व्यवस्थापक प्रकाश वैद्यले जानकारी दिए । लगातार दुई पटक राष्ट्रियस्तरको प्रोवेसन ब्राण्ड प्राप्त तथा २०६७ सालमा महिला तथा बालबालिका मन्त्रालयबाट जिल्लाको उत्कृष्ट सहकारी संस्थाको रुपमा तत्कालिन विजयलक्ष्मी सहकारी पुरस्कृत भएको समेत उनले बताए । संस्था एशियालीस्तरको एक्सेस कार्यक्रममा सहभागी भई कार्यक्रमको मापदण्ड अनुसार थप सुशासित एवं सदस्यमैत्री बन्दै गएको समेत उनले जनाए ।

सहकारीसम्बन्धी इतिहास हेर्दा नेपालमा परम्परागत रुपमा हुने ऐंचोपैंचो, गुठी, पर्म, ढिकुटी, धर्मभकारी जस्ता सहकार्य सहकारीकै अभ्यास हुन् । २०१० सालमा सहकारी विभाग र २०१३ मा बखानसिंह गुरुङको नेतृत्वमा चितवनमा बखान ऋण सहकारीको स्थापनापछि औपचारिक रूपले सहकारी विस्तारित हुँदै गएको हो ।

संघीयतापछि गाउँगाउँमा ७ सय ५३ वटै स्थानीय तहमा सहकारी खुले । सहकारीमा सदस्य आफैं मालिक र आफैं ग्राहक हुने भएपछि सर्वसाधारणको भरोसा बढेको हो भने अहिले कतिपय नीति नियम विपरीत हिंडेर बाटो बिराएकाहरुले गर्दा सहकारीमा यदाकदा विचलन आएको छ ।

समुदायमा आधारित भएर नियम संगत चलेका, नमूना काम गरेका सदस्यमुखी सहकारी संस्थाहरुले यसको गरीमा बढाउन लागिपरेका छन् । सहकारी आम समुदायको साझा फूलबारी हो, यसको गरिमालाई उचो राख्न यस क्षेत्रमा गलत क्रियाकलाप गर्नेलाई कार्बाही र राम्रो गर्नेलाई प्रोत्साहन गर्ने नीति राज्यले लिनु पर्दछ । सबै सहकारी खराब छैनन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रा.लि. दर्ता नं. १३७२३१, मा दर्ता भएको साई कृपा चिया प्याकेजिङ् उद्योग प्रा.लि. को मिति २०८१/१०/१७ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/०५ को निर्णय अनुसार कम्पनीको सम्पूर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरी उक्त कम्पनीको नाम साई कृपा चिया उद्योग प्रा.लि. (Sai Kripa Chiya Udhyog Pvt. Ltd.) कायम गरिएकोले सोही व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

लुम्बिनी प्रदेश सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

### जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

सन्धिखर्क, अर्घाखाँची

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः२०८१।१२।०८

यस कार्यालयको मिति २०८१।१०।१३ मा लुम्बिनी राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्राप्त भएका बोलपत्रहरुमध्ये मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलमा उल्लेखित निर्माण व्यवसायीले कबोल गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतीको लागि छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | निर्माण स्थल/जिल्ला | निर्माण व्यवसायीको नाम,ठेगाना | कबोल अंक(मु.अ कर सहित) |
|---|---|---|---|
| WRIDDARG/ NCB-22/081-82 | शितगंगा न.पा-११ अर्घाखाँची | जनसेवा कन्सट्रक्सन प्रा.लि,रुपन्देही | १३९८०१९८।६४ |

## संस्थापक शेयर बिक्री सम्बन्धी १५ दिने सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१/१२/०८)

यस स्वाभिमान लघूवित्त वित्तीय संस्था लिमिटेका केही संस्थापक शेयर धनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर विक्री गर्ने इच्छा राखि संचालक समिति समक्ष निवेदन दिनुभएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई विक्री गर्न प्रक्रिया अगाडी बढाउने निर्णय भएकोले संस्थापक शेयर खरिद गरि लिन इच्छुक हाल कायम संस्थाका संस्थापक शेयर धनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था बमोजिम मिति २०८१/१०/२९ गते ३५दिने सूचना संस्थापक शेयरधनीहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो । त्यस अवधी भित्र वित्तीय संस्थाका संस्थापक शेयरधनी महानुभावहरुबाट संस्थापक शेयर खरीद गर्न निवेदन प्राप्त नभएको हुंदा पुनःयस संस्थाका संस्थापक शेयरधनी महानुभावहरु वा अन्यव्यक्तिवा संस्थाले यस वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरि वित्तीय संस्थाको केन्द्रीय कार्यालय तिलोत्तमा ५, रुपन्देहीमा आफुले खरिद गर्ने शेयर कित्ताको व्यहोरा खुलाई निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड**
केन्द्रीय कार्यालय, तिलोत्तमा छ, रुपन्देही
फोन नं.:०७१-५६१२५८/५६१२६७
Email:-info@swabhimaanlaghubitta.com.np

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

### लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

## बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

प्रकाशित मितिः २०८१/१२/०८

यस अस्पतालबाट मिति २०८१-०९-२२ गते प्रकाशित Single–stage: Two Envelope Bidding System बिधिको सुचना अनुसारतपसिलमा उल्लेखित ठेक्कामा रितपूर्बक दाखिला हुन आएका बोलपत्रहरू मध्य तपसिल बमोजिमको बोलपत्रदाताहरूले पेश गरेको प्राबिधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिई छनौट भएकाले सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) ५ अनुसारआर्थिक प्रस्ताव खोली मुल्याङ्कन गर्ने प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिन्छ ।

तपसिल

| क्र.सं | ठेक्का नं | प्राबिधिक प्रस्तावबाट सारभूत रुपमा प्रभावग्राही ठहरिएका बोलपत्रदाताको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | LPH-NCB-GOODS-24-2081-082 (Supply, Delivery & Installation of 1.5 Tesla MRI Machine) | Max Meditech System Pvt. Ltd. Kathmandu | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, रूपन्देही मितिः २०८१/१२/१७ (30 March. 2025) समयः १४:०० |

## शिलबन्दी बोलपत्र–e–tender) आव्हानको सूचना

यस अस्पतालको लागि आ.ब. २०८१/०८२ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित खरिद कार्य बोलपत्रका माध्यमबाट गर्नु गराउनुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । साथै बिस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

तपसिल

| क्र.सं. | ठे.नं. | कामको विवरण | लागत अनुमान (मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र दर्ताको अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | LPH-NCB-GOODS -26/2081-082 | Supply & Delivery of Different types of Chemicals & Reagents, Films and Consumables | | Slice मा तोकिए बमोजिम | ३,०००/- | २०८२/१/०७ गते १२.०० भित्र |

मेडिकल सुपरिटेण्डेण्ट

# कावासोती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश, नेपाल

## दरभाउ पत्र स्वीकृत गर्ने आसयको सूचना

(सूचना प्रकाशित मिति : २०८१/१२/०८ )

यस कार्यालयबाट मिति २०८१/११/०५ गते राष्ट्रिय पत्रिका लुम्बिनी दैनिकमा प्रकाशित आन्तरिक आय (विज्ञापन कर) संकलन ठेक्का कार्यका लागि शिलबन्दी दरभाउपत्र (नं. ०१/२०८१/०८२) आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र प्राप्त हुन आएको एक मात्र शिलबन्दी दरभाउपत्र मिति २०८१/११/२० दिउँसो २:०० बजे फर्मका प्रतिनिधिहरु समेतको रोहबरमा मुचुल्का गरी शिलबन्दी दरभाउ पत्र मूल्याङ्कन समितिबाट मूल्यङ्कित सारभुत रुपमा प्रभावकारी भई तपसिल बमोजिमको फर्म स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विवरण | कबोल अंक | वार्षिक वृद्धिदर | छनोट भएको दरभाउपत्र दाताको नाम, ठेगाना | कार्यालय |
|---|---|---|---|---|---|
| १ | विज्ञापन कर | ५,०१,०००/- (भ्याट बाहेक) | १० प्रतिशत | मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गैंडाकोट नवलपुर । | कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय । |

प्रमुख प्रशासकीय अधिकृत

Bardaghat Municipality

## Office of the Municipal Executive

Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal

## INVITATION FOR BIDS (Re-BID)

(Publication Date: 2025/03/21)

1.Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligiblebiddersfor the following work.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT &Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/NCB/ Works/29/081/082 (3rd notice) | Dharapani Pra. Vi. ma Vidyalaye Bhawan Nirman, Bardaghat-02, Patuke | 90/120 days | 24,28,040.86 | 70,000 | 3000 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi **Name of Office:** Bardaghat Municipality, Bardaghat **Account Number (AntarikRajaswo):** 0832050028211002 | **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi **Name of Office:** Bardaghat Municipality, Bardaghat **Account Number (DharautiKhata):** 8341498482524004 |
| **Deadline of bid submission** 2025/03/28till 12:00 Noon | **Date and time of bid opening** 2025/03/28 at 1:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407.

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

पीएम कप क्रिकेटः

# कर्णाली प्रदेश र नेपाल पुलिस क्लबको जित



भैरहवा । कर्णाली प्रदेश र नेपाल पुलिस क्लबले जारी प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा बिहीबार भएका खेलमा जित निकालेका छन् । कर्णालीले लुम्बिनीविरुद्ध ५ रनको रोमाञ्चक जित हासिल गरेको छ । भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा अर्जुन घर्ती र दीपेन्द्र रावतको अर्धशतकको सहयोगमा कर्णालीले दिएको २ सय ६ रनको लक्ष्य पछ्याएको लुम्बिनी प्रदेश ४९.४ ओभरमा २ सय रनमा समेटियो ।

लुम्बिनीका लागि प्रज्ज्वल थापाले सर्वाधिक ८४ रन जोडे । उनले १ सय ७ बलको सामना गर्दै ६ चौका प्रहार गरे । अन्तिम ओभरमा जितका लागि लुम्बिनीलाई ८ रन चाहिएकोमा १ विकेट मात्र बाँकी रहेको थियो । कर्णालीका लागि बलिङमा आएका दिनेश अधिकारीले ४ बलमा नै विकेट लिँदै खेल जिताए । चौथो विकेटका लागि कप्तान देव खनालसँग मिलेर प्रज्ज्वलले ९४ रनको साझेदारी गरे । कप्तान देव ६० बलमा ४ चौकाको सहयोगमा ४० रनमा आउट भए । १ सय ४५ रनमा ३ विकेट गुमाएर सहज जिततर्फ अघि बढेको लुम्बिनीले ५५ रन जोड्दा बाँकी रहेको ७ विकेट गुमाउन पुग्यो । आकाश त्रिपाठी २१ तथा मनिष थापा १६ रनमा आउट भए । कर्णालीका लागि दिनेश अधिकारी र दीपेन्द्र रावतले समान ३-३, प्रकाश जैशीले २ तथा सुनिल धमला र दिवान पुनले १-१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कर्णाली ४८.५ ओभरमा अलआउट हुँदै २ सय ५ रनको योगफल बनाएको थियो । कर्णालीका लागि दीपेन्द्र रावतले सर्वाधिक ६६ रन जोडे । यस्तै, अर्जुन घर्तीले ५६, सुनिल धमला १९ तथा दिनेश अधिकारीले १६ रन बनाए । लुम्बिनीका लागि रमेश कुर्मीले ३, विप्रशन केसी, निर्मल गुरुङ र अजय चौहानले समान २-२ तथा कप्तान देव खनालले १ विकेट लिए ।

यस्तै, रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपाल पुलिस क्लबले लगातार सातौं जित हासिल गरेको छ । पुलिसले बागमती प्रदेशलाई ९३ रन हराउँदै विजयी यात्रा कायमै राख्यो । २ सय ९८ रनको लक्ष्य पछ्याएको बागमती ४५.२ ओभरमा २ सय ४ रनमा समेटियो । बागमतीका लागि इशान पाण्डेले ७०, शुभ कंसाकारले ३६, विपिन आर्चायले २० र सूर्य तामाङले १७ रन बनाए । पुलिसका ललितनारायण राजवंशीले ४, कुशल भूर्तेलले ३, करण केसीले २ तथा गुल्शन झाले १ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ गरेको पुलिसले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २ सय ९७ रनको विशाल योगफल तयार गरेको थियो । पुलिसका कुशल भुर्तेल र कप्तान दीपेन्द्रसिंह ऐरीले अर्धशतक बनाए । कुशलले सर्वाधिक ८८, दीपेन्द्रदे ६०, अमित श्रेष्ठले ४८ र आरिफ शेखले ३८ रनको योगदान गरे । बागमतीका प्रतिस जिशीले ३ तथा रिजन ढकाल, विपिन आचार्य, साकार गजुरेल र इशान पाण्डेले समान १-१ विकेट लिए । प्रतियोगितामा खेलेको ७ खेलमै अपराजित रहँदै पुलिस शीर्ष स्थानमा कायमै छ ।

# प्राकृतिक शक्तिबर्धक शीतल रस ताडी



रुपन्देही । गर्मीयाम शुरु भएसँगै भैरहवा, बुटवल र आसपासका क्षेत्रका मानिसहरूको बेथरी गाउँको ताडी चाख्न घुइँचो लाग्छ । यहाँका स्थानीयको परिश्रमले गाउँलाई एक नयाँ पहिचान दिलाएको छ । स्थानीय मुखलाल पासवान, बुध्दु पासवान र उनका साथीहरू ताडीको रुख चढेर ताजा रस निकाल्छन् । मुखालाल भन्छन्-'रुख चढ्न कठिन हुने भएकोले ताडी निकाल्नेहरूका लागि सुरक्षा उपकरण (बेल्ट, भऱ्याङ) उपलब्ध गराउन सके दुर्घटनाबाट जोगाउन सकिन्छ ।'

बेथरी गाउँमा गर्मीयामको आगमनसँगै ताडीको माग पनि बढ्दो छ । बिहानी मुहुर्तमा स्वादिलो तिख्खर गुलियो तरकुल/खजुरको रस स्वास्थ्यका लागि लाभदायक हुने र दिनभरको चर्को गर्मीको प्रतिरोधी शक्तिबर्धक पेय पदार्थ तथा प्राकृतिक औषधिय गुण हुने स्वास्थ्य क्षेत्रका जानकारहरु बताउँछन् । स्थानीय बुध्धु पासवानका अनुसार शरीर कमजोर वा थकित महसुस भएमा एक गिलास ताडी वा खजुरको रसले शरीरलाई ताजगी दिन्छ । गाउँमा लगभग २०० खजुरका र ३० तरकुलका रुख छन्, जसबाट रस निकाल्ने काम मुख्य रूपमा मुखलाल पासवान, बुध्धु पासवान र उनका भाइहरुले गर्छन् । 'हामी बिहान सबेरै रुख चढेर ताजा रस निकाल्छौं । यसलाई समयमै प्रयोग नगरेमा अम्लीय बन्न सक्छ, त्यसकारण शुभ मुहुर्तमा प्राकृतिक तरकुल खजुर वृक्षरस पिउनु स्वास्थ र शक्तिबर्धक छ ।'-मुखलाल भन्छन् ।

**ताडीको मौसमी व्यापार र गर्मीयामको क्रेज**

चैत्रदेखि असारको सुरुवातसम्म बेथरीका स्थानीय व्यापारीहरू ताडी बेच्न व्यस्त हुन्छन् । विशेष गरी चैत्र ,बैशाख र जेठ महिनाको चर्को गर्मीमा, ताडी पिउन आउनेहरूको संख्या झन् बढ्दछ । स्थानीय ताडीबाज बुध्दुले भने-'गर्मीमा शरीरलाई चिसो राख्नका लागि ताडी सबैभन्दा राम्रो विकल्प हो ।'

स्वाद र स्वास्थ्यको लाभः तरकुल र खजुरको ताडीमा स्वादको भिन्नता हुन्छ । तरकुलको ताडी हल्का गुलियो र शीतल महसुस गराउने हुन्छ भने खजुरको ताडी झन् मीठो र पोषणयुक्त हुन्छ । यी प्राकृतिक पेयहरूले शरीरलाई हाइड्रेट गर्न मद्दत गर्छ, पाचन प्रक्रियामा सहयोग पुऱ्याउँछ, र गर्मीयाममा शरीरको तापमान सन्तुलित राख्न मद्दत गर्छ ।

बेथरीको ताडी पर्यटनको सम्भावनाः वेथरीलाई 'ताडी गाउँ' को रूपमा विकसित गर्ने सम्भावना छ । ताडीलाई बोतलबन्द पेय बनाउने, ताडी फेस्टिभल आयोजना गर्ने र ताडी निकाल्ने ताडिवालहरूको सुरक्षा सुनिश्चित गरेर, ताडीको व्यापारलाई व्यवसायीकरण गर्न सकिन्छ । यसले गाउँको अर्थतन्त्रमा योगदान पुऱ्याउन सक्छ र पर्यटकीय आकर्षण पनि बन्न सक्छ ।

ताडी निकाल्ने परम्परागत कार्यमा व्यस्त रहेकाहरूलाई साहस र परिश्रमको प्रतीकका रूपमा सम्बोधन गरिएको छ । 'ताडिवाल, रस योद्धा, फ्लाइङ ताडिवाल, र 'बेथरीका बाजीगर' जस्ता नामहरूले तिनीहरूको साहस र परिश्रमलाई सम्मानित गर्छ ।

ताडीको व्यापार र परम्परागत रस निकाल्ने कार्यले बेथरीलाई एक नयाँ पहिचान दिलाएको छ । यदि यसको व्यवसायीकरण गर्न सकिन्छ भने यसले स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउने निश्चित छ । मुखलाल पासवान जस्तै स्थानीयको मेहनत र साहसले बेथरीको ताडीलाई लोकप्रिय बनाएको छ र यसलाई व्यावसायिक रूप दिन अझैं नयाँ सम्भावनाहरूको ढोका खोल्न सक्छ ।

» *भिम कार्की ( प्रशिक्षार्थी )*

# अरूको नाममा परीक्षा दिने नक्कली परीक्षार्थी पक्राउ

बुटवल । रूपन्देहीमा अरुको नाममा माध्यमिक शिक्षा परीक्षा ( एसईई ) दिने एक युवा पक्राउ परेका छन् । भैरहवास्थित लीलाराम न्यौपाने माध्यमिक विद्यालयमा सञ्चालित एसईई परीक्षामा एसईई उत्तीर्ण भइसकेका ओमसतिया ८ का आशिष बनियाँ उत्तर पुस्तिका लेख्ने क्रममा पक्राउ परेका हुन् । उनले आफ्नै गाउँका सञ्जय चौधरीको नाममा परीक्षा दिन गएका थिए ।

सञ्जय चौधरी सुसंस्कृत माविका विद्यार्थी हुन् भने उनको नाममा परीक्षा दिन आएका बनियाँ गतसाल एसईई पास भएर तिलोत्तमास्थित शान्ति नमूना माविमा ११ कक्षामा अध्ययन गरिरहेका विद्यार्थी भएको पत्ता लागेको परीक्षा निरीक्षक अब्दुल रहमान खानले बताए ।

चौधरीको परीक्षा रद्द हुने र परीक्षा दिने र गराउनेलाई कानुनअनुसार कारबाही हुने खानले जानकारी दिए । उनीहरुलाई आवश्यक कारबाहीका लागि राष्ट्रिय परीक्षा बोर्ड र जिल्ला प्रहरीलाई जानकारी गराइएको लीलाराम न्यौपाने माध्यमिक विद्यालयका केन्द्राध्यक्ष रुपकुमार रायमाझीले जनाए ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीको नियन्त्रणमा रहेका नक्कली परीक्षार्थी बनियाँलाई शिक्षा ऐनअनुसार कारबाही हुने प्रहरीले जनाएको छ । जिल्ला शिक्षा समन्वय इकाई रुपन्देही प्रमुख माधव बन्जाडेले एकजना नक्कली परीक्षार्थी भेटिएको बाहेका रूपन्देहीमा अन्य अमर्यादित गतिविधि नभएको बताए ।

# नेकपा एस रूपन्देहीको अधिवेशन तयारी पूरा

बुटवल । नेकपा (एकिकृत समाजवादी) रूपन्देहीको यहि चैत ९ र १० गते हुने १०औं जिल्ला अधिवेशनको तयारी पूरा भएको छ । पार्टी जिल्ला कमिटीले बिहीबार बुटवलमा पत्रकार सम्मेलन गरी अधिवेशनको तयारी पूरा भएको जनाएको हो । २०७८ साल भदौं ९ गते तत्कालीन नेकपा (एमाले) बाट विद्रोह गरी स्थापना भएको नेकपा एसले गत असारमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनले पारित गरेको नीति कार्यक्रम र विधान अनुसार जिल्ला अधिवेशनको तयारीमा जुटेको सो पार्टीले जनाएको छ । पत्रकार सम्मेलनमा नेकपा एसका पोलिटब्यूरो सदस्य तथा रुपन्देही इञ्चार्ज नन्दलाल बन्जाडेले महाविधेशनको कार्यदिशा, कार्यक्रम, संगठनात्मक सिद्धान्त र विधानअनुसार अधिवेशनमा होमिएको बताए । उनले रुपन्देहीमा जिल्लाको नेतृत्वमा आउन चाहनेहरु प्रतिनिधि अनिवार्य हुनुपर्ने प्रावधानलाई कार्यान्वयन गरिएको बताए । एमालेबाट विद्रोह गरेकाले सोही पार्टी स्थापनाको समयदेखि नै गणना गरी अधिवेशन दशौं रुपमा गर्न लागिएको स्पष्ट पारे । उनले जिल्ला अधिवेशनका लागि रुपन्देही जिल्लाका ५ वटा निर्वाचन क्षेत्रहरुबाट प्रतिनिधिहरु छनौट गर्ने काम सम्पन्न गरिएको बताए । अधिवेशन प्रतिनिधिहरुको छनौट गर्दा दलिततर्फ १० जन बराबर १, खुल्लातर्फ २० जना बरार १ र सबै क्लस्टरमा एक तिहाई महिला र २० प्रतिशत ४० वर्ष मुनिका युवाहरुको सहभागिताको सिद्धान्त अपनाइएको कार्यबाहक अध्यक्ष श्रीराम यादवले जानकारी दिए । उनले आफूहरुले विधानको पूर्णतया पालना गरेको बताउँदै अधिवेशनलाई भव्य बनाउन सबैलाई सहयोग गर्न आग्रह गरे ।

विधानअनुसार संघीय निर्वाचन क्षेत्र नं. १ बाट जम्मा ४६ जना, २ बाट ४३ जना, ३ बाट २१, ४ बाट ११ २५ बाट ७ जना गरी जम्मा १२८ जना जिल्ला अधिवेशन प्रतिनिधिहरु रहेको पत्रकार सम्मेलनमा वितरित प्रेस वक्तव्यमा उल्लेख गरिएको छ । विधान बमोजिम जम्मा प्रतिनिधिको १० प्रतिशतले हुने १३ जना प्रतिनिधिहरु जिल्ला कमिटीले मनोनित गरी दशौं अधिवेशनमा सहभागी प्रतिनिधिहरुको जम्मा संख्या १४१ जना बनाइने जनाइएको छ । अधिवेशनको चैत ९ गते उद्घाटन र १० गते बन्दसत्र हुनेछ । बुटवल-१३ स्थित साइनो पार्टी प्यालेसमा हुने अधिवेशनको उद्घाटनमा पार्टी अध्यक्ष माधवकुमार नेपाल, महासचिव घनश्याम भुसालगायतका नेताहरुलाई निमन्त्रण गरिएको उप-सचिव टंक पोखेलले जानकारी दिए । अध्यक्ष नेपाल विदेश भ्रमणमा भएकाले प्रमुख अतिथिको छलफलपछि टुंगो लगाइने उनले जानकारी दिए ।

पत्रकार सम्मेलनमा पार्टी केन्द्रीय सदस्य एवम् लुम्बिनी प्रदेशसभा सदस्य पूर्वमन्त्री भगवती अधिकारी, प्रदेश कमिटी सदस्य हिराध्वज शाह, यम पछाई, जिल्ला उपाध्यक्ष चीनबहादुर गुरुङलगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# तेस्रो राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता सुरु

बुटवल । बुटवल ब्याडमिन्टन क्लबको आयोजनामा बिहीबारदेखि बुटवलमा तेस्रो राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताको बिहीबार एक कार्यक्रमकाबिच बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले उद्घाटन गरेका हुन् । पाण्डेयले बुटवललाई खेलकुदको माध्यमबाट पनि चिनाउन र खेल पर्यटनमार्फत् समृद्धि हासिल गर्ने योजनाअनुसार बुटवल उप-महानगरपालिकाले खेलकुद क्षेत्रमा करोडौं रकम छुट्ट्याइएको बताए ।

उप-महानगरपालिका आफैंले ५८ वटा विभिन्न प्रतियोगिता सञ्चालन गर्दै आएको र केही ठूला प्रतियोगिताहरू अन्य संस्थासँगको सहकार्यमा गरिरहेको उनले जनाए ।

बुटवल ब्याडमिन्टन क्लबका अध्यक्ष पंकज ज्ञवालीको सभापतित्व भएको उद्घाटन कार्यक्रममा सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापा, नेपालकै पुराना ब्याडमिन्टन खेलाडी कुमारमोहनबिक्रम शाही, संघका द्वितीय उपाध्यक्ष तथा प्रतियोगिता संयोजक सम्भु भट्टराईलगायतले प्रतियोगिताको आवश्यकता र औचित्यबारे आ-आफ्नो भनाइ राखेका थिए ।

सो अवसरमा नेपालमा ब्याडमिन्टन खेलको विकास र बिस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै ८१ वर्षीय खेलाडी कुमार मोहनबिक्रम शाहीलाई सम्मान गरिएको थियो । तीनदिनसम्म चल्ने प्रतियोगितामा विभागिय टोलीसँगै एक सय टिमको सहभागिता रहेको क्लबका सचिव भानु केसीले जानकारी दिए । विभिन्न ६ विधामा सञ्चालन हुने प्रतियोगितामा मेन्स सिगलका प्रथम, द्वितीय र तृतीयलाई नगद ५० हजार, ३० हजार र २० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ ।

यसैगरी वुमन्स सिगलका प्रथम, द्वितीय, तृतीयलाई नगद ३० हजार, २० हजार र १० हजारसहित कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिनेछ । मेन्स डबल्समा प्रथम, द्वितीय र तृतीय टिमले नगद ५० हजार, ३० हजार र २० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिनेछ । भेट्रान्स ४५ प्लस डबल्समा प्रथम, द्वितीय र तृतीयलाई क्रमशः ४० हजार, ३० हजार र २० हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिनेछ । यसैगरी भेट्रान्स ५५ प्लस डबल्समा प्रथम, द्वितीय र तृतीयलाई नगद २० हजार, १५ हजार र १० हजार, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिनेछ । यसैगरी मास्टरतर्फ प्रथम, द्वितीय र तृतीयलाई क्रमशः १५ हजार, १० हजार र ५ हजार रुपैयाँ, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिनेछ ।

# सञ्चारकर्मीले निगरानी गर्न जरूरी



नवलपरासी । पश्चिम नवलपरासीको सुस्ता गाउँपालिकाकामा नेपाल पत्रकार महासंघ पश्चिम नवलपरासी शाखाले स्थानीय विकासमा सञ्चारको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम गरेको छ । महासंघले सुस्ता गाउँपालिकाको सहयोगमा उक्त कार्यक्रम गरेको हो ।

अन्तर्क्रिया कार्यक्रममा पालिकाका अध्यक्ष टेक नारायण उपाध्यायले पालिकाले गरेका विकास निर्माण र जनतालाई प्रदान गर्नुपर्ने कामका बारेमा सञ्चारकर्मीले निगरानी गर्न जरुरी भएको बताएका छन् । उनले पालिकाले पहिलो पटक सीमा नदीमा पहिलो पटक नदीजन्य पदाथको ठेक्का लगाएर ठूलो राजस्व सङ्कलन गर्न सफल भएको बताए । अध्यक्ष उपाध्यायले पालिकालाई पर्यटकीय स्थलको रूपमा विकास गर्ने लक्ष्य अनुरुप सुस्ता जोड्ने झोलुङ्गे पुल हेर्न आउनेका लागि पाँच कठ्ठा जग्गा लिजमा लिएर चमेना गृह, सौचालय र पार्किङ स्थलको व्यावस्थापन गर्न लागेको बताए । सुस्तामा अलपत्र परेको सहरी विकास कार्यक्रम अन्तरगत सुस्तामा जनता आवास कार्यक्रम सुरु भएको उनले बताए ।

कार्यक्रममा गाउँपालिकाकी उपप्रमुख गीता चौधरीले सञ्चारकर्मीले पालिकाले गरेका काम कस्ता भएका छन्, जनताको बिच गएर बुझ्नु पर्ने बताउँदै महिलाहरुलाई सीपका तालिमका अवसरहरूको व्यवस्था गरी आत्मनिर्भर बनाइएको बताइन् । जेष्ठ नागरिकलाई स्वास्थ्य सुधारकालागि र स्वास्थ्य संस्थामा सहजरुपमा स्वास्थ्य सेवाको कार्यक्रम सञ्चालन गरिएको उनले जनाइन ।

सुस्ता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुमलाल भुषालले यस वर्ष ६६ करोड ४८ लाखको पुँजीगत र चालुबजेट रहेको हुँदा विकासको लागि नमूना सुस्ता बन्दै गएको बताए । उनले सुस्तामा हरेक सडक कालोपत्रे भएको र अध्यक्ष नमूना सडकअन्तर्गत पाँच वटा वडालाई जोडिएको जनाए । सामाजिक सुरक्षा कार्यक्रमअन्तरगत २ करोड ५० लाखको योजनामा करिब ७५ जना विपन्न परिवारका निम्ति जनता आवास कार्यक्रमअन्तरगत घर निर्माणका काम भएको उनको भनाइ थियो ।

सुस्ताले खेलाडी उत्पादन गर्न २ करोड ९० लाखको योजनामा कवड हल निर्माण गरिएको, गौरवको योजनाअन्तर्गतको १ करोड ९५ लाखको लागतमा सुस्ता ताल निर्माण गरी पर्यटकीय क्षेत्रको रूपमा काम अगाडि बढेको अधिकृत भुषालले बताए ।

सुस्ता गाउँपालिकाले विद्यालयको शिक्षामा सुधार ल्याउन ५० वर्ष नाघेका शिक्षकलाई गोल्डेन हेन्सचेकमार्फत् अवकाश प्रोत्साहन दिएर नयाँ शिक्षकहरूको व्यवस्था गरिएको छ । पालिकले यस आर्थिक वर्षमा ३ सय योजनाअनुसार कार्यक्रम सञ्चालन गरिएको छ ।

नेपाल पत्रकार महासंघका पश्चिम नवलपरासीका अध्यक्ष केशव पराजुलीको सभाध्यक्षतामा सञ्चालित दुइदिने तालिममा पत्रकार आरपी उपाध्याय, नेपाल पत्रकार महासङ्घ पश्चिम नवलपरासीका निवर्तमान अध्यक्ष हरि शर्माले स्थानीय तह र सञ्चारकर्मीले खेल्नु पर्ने भूमिकाका बारेमा धारणा राखेका थिए । अन्तर्क्रियामा राष्ट्रिय समाचार समितिका लुम्बिनी प्रदेश प्रमुख भरत केसीले सहजीकरण गरेको कार्यक्रममा सचिव अनिल यादवको सञ्चालन र उपाध्यक्ष विकास अधिकारीले महासंघका गतिविधिमाथि प्रकाश पारेका थिए ।

खाना पकाउने ग्याँस प्रयोगमा सावधानी अनापऔं ।
-सलाई लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं ।
-ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं ।
-ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं ।
-प्रयोग मिति यकिन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं ।
-ग्याँस सिलिण्डरको पाइप समय- समयमा जाँच गरौं ।
-आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर संचय नगरौं ।
-कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com